पाँचौ गाउँसभाको पहिलो बैठकबाट पारित निर्णयहरु :

**निर्णय नं. १ :**

भगवतीमाई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई उपाध्यक्ष श्री चन्द्रा रेग्मी ज्यूले पाँचौ गाउँसभा बैठकमा प्रस्तुत गर्नु भएको भगवतीमाई गाउँपालिकाको आ.व. २०७६।०७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम माथि छलफल प्रारम्भ गरियो । दफावार छलफल गर्न समय अभाव भएकोले गाउँसभाको अर्को बैठक मिति २०७६।०३।१७ गते विहान ११:०० बजे बस्ने गरी सभाध्यक्ष ज्यूबाट बैठक स्थगित गरियो ।

पाँचौ गाउँसभाको दोस्रो बैठकबाट पारित निर्णयहरु :

**निर्णय नं. १ :**

भगवतीमाई गाउँपालिकाको आ.व. २०७६।०७७ को लागि गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भई पाँचौ गाउँसभामा उपाध्यक्ष श्री चन्द्रा रेग्मीले प्रस्तुत गर्नुभएको वार्षिक बजेट, नीति तथा कार्यक्रम माथि व्यापक छलफल गरी सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

भगवतीमाई गाउँपालिकामा आ.व. २०७६।०७७ को लागि अर्थ सम्वन्धी प्रस्तावहरु कार्यान्वयन गर्न बनेको भगवतीमाई गाउँपालिकाको आर्थिक विधेयक २०७६ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

भगवतीमाई गाउँपालिकाको लागि आ.व. २०७६।०७७ मा सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको भगवतीमाई गाउँपालिकाको विनियोजन विधेयक, २०७६ माथि छलफल गरी उक्त विधेयक सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस गाउँपालिकामा आ.व. २०७६।०७७ को लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रकमको कार्यक्रम तोकिएको कार्यक्रम र शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम आ.व. २०७६।०७७ को श्रावण १ गते देखी भगवतीमाई गाउँपालिका क्षेत्रभित्र सम्पत्ती कर  र भूमी कर(मालपोत) प्रणाली कार्यान्वयनमा ल्याउने र सोको आवश्यक व्यवस्था मिलाउन कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

भगवतीमाई गाउँपालिकाबाट आ.व. २०७६।०७७ मा संचालन हुने योजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकता रोजगार बैकलाई दिने, रु. ३०००००० (तिस लाख) सम्मका आयोजना तथा कार्यक्रमहरु कार्यको प्रकृति र आवश्यकता अनुसार उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

गाउँपालिकाबाट संचालित आयोजनामा प्रयोग हुने मेशिन तथा उपकरणहरुको सम्बन्धित फर्म वा कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा रु.५०००। (अक्षेरुपी पाँच हजार) दस्तुर तिरी सूचीकृत गरेको मेशिन तथा उपकरण मात्र प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस गाउँपालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भई नसकेको र आन्तरिक लेखापरीक्षण गर्ने दक्षजनशक्ति पनि नभएको हुँदा आ.व. २०७५।०७६ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

गाउँपालिकाको कार्यालय भवन र वडा कार्यालय (१ देखी ७) को भवन निर्माणको लागि सघीय सरकार तथा प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस गाउँपालिकाका निम्न आयोजनाहरु गाउँपालिकाको लागत सहभागिता र नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट संचालन गर्नको लागि नेपाल सरकारसँग समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिकाको कार्यालय भवन निर्माण | वडा नं. २ | |
| २. | वडा कार्यालयहरुको भवन निर्माण | वडा १ देखी ७ | |
| ३. | वावियातडा–हे.पो. सडक निर्माण | वडा नं. १ | |
| ४. | मयाराम स्मृति पार्क पूर्वाधार निर्माण | वडा नं. ५ | |
| ५. | तिदुघाट–तप्लुङ्ग–वडा कार्यालय सडक निर्माण | वडा नं. ७ | |

**निर्णय नं. ११ :**

यस गाउँपालिका अन्तर्गतका निम्न आयोजनाहरु नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान रकमबाट संचालन गर्नको लागि विशेष अनुदान उपलब्ध गराईदिन नेपाल सरकार तथा राष्ट्रिय योजना आयोगसँग अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | |
|---|---|---|---|
| १. | वेस्तडा वृहत खानेपानी आयोजना | वडा नं. १ र २ | |
| २. | निकाल छाड्ने खा.पा.(बुदबुदे) | | |
| ३. | लामीहर खा.पा. | वडा नं. ३ | |
| ४. | भक्केमुला राउचौर बरबाटा खानेपानी आयोजना | वडा नं. १ | |
| ६. | डोविल्के वृहत खा.पा. आयोजना | वडा नं. २ | |
| ७. | थुवा वडालेक चौरेबारी खा.पा. | वडा नं. ५ | |
| ८. | चिपिन स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ६ | |
| ९. | वडाभैरव स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ७ | |
| १०. | आर्दश आ.वि. विद्यालय भवन निर्माण | वडा नं. ६ | |

**निर्णय नं. १२ :**

भगवतीमाई गाउँपालिका अन्तर्गतका निम्न आयोजनाहरु गाउँपालिकाको लागत सहभागिता र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट संचालन गर्नको लागि कर्णाली प्रदेश सरकारसँग विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १. | स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. १, २, ३, ५, ६, ७ | |
| | | | |

**निर्णय नं. १३:**

गाउँपालिकाको श्रोत अभावले वस्ती तथा वडास्तरबाट प्राथमिकीकरण भई आएका निम्न आयोजनाहरुमा बजेट विनियोजन गर्न नसकिएको हुँदा उक्त आयोजनाहरु निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | वेस्तडा मलुका कचाली जाजरकोट सडक | वडा नं. ५ | |
| २. | फलफूल तथा तरकारी खेती पकेट क्षेत्र कार्यक्रम | गा.पा.स्तर | |
| ३. | व्यावसायिक बाख्रापालन | गा.पा. स्तर | |
| ४. | विद्यालय भवन निर्माण | | |
| ५. | वेस्तडा स्यानतडा जोड्ने कट्टीखोला पुल | वडा नं. ५ | |
| ६. | चिसापानी चरीपानी माझगाउँ सिंचाई कुलो निर्माण | | |
| ७. | ढाणखोला सुनखोला वासघारी खोला टाटाखोला पहिरो नियन्त्रण | | |
| ८. | जोड्डे कैनतडा सान्तडा सिंचाई कुलो निर्माण | | |
| ९. | धाराखोला र छिडी वडाखेत झो.पु. निर्माण | | |
| १०. | भगवती मा.वि.  ८ कोठे भवन निर्माण | वडा नं. ४ | |
| ११. | सिमखेत दाडिम पक्की कुलो निर्माण | | |
| १२. | ने.रा.आ.वि. विद्यालय भवन निर्माण | वडा नं. ७ | |
| १३. | गुडगुडे खा.पा. आयोजना | | |
| १४. | वडाखोला पक्की पुल निर्माण | | |
| १५. | पौराट देखी लाकुरी सिंचाई कुलो निर्माण | | |
| १६. | लामिछहरी खोला विष्ट टोल ठूलो गन्म सिंचाई आयोजना | वडा नं. १ | |
| १७ | मेली खोला सिंचाई आयोजना | वडा नं. २ | |
| १८ | कोडमेला पुग्या सिंचाई आयोजना | वडा नं. ३ | |
| १९ | धाराखोला जहडे ध्याप देखी सान्तडासम्म सिंचाई कुलो | वडा नं. ३ र ४ | |
| २० | कैनतडा तारखोला वालतडा सिंचाई आयोजना | वडा नं. ४ | |
| २१ | सहडे चाख्ला वडाखोला पाल्त मलुका सिंचाई आयोजना | वडा नं. ५ | |
| २२ | जोतिंगे खोला लामातडा सिंचाई आयोजना | वडा नं. ७ | |

**निर्णय नं. १४ :**

यस गाउँपालिका क्षेत्रभित्र खानेपानी आयोजनाहरु निर्माण तथा संचालन गर्दा पानीको मूहान रहेका सम्वन्धित वस्ती तथा वडाका वासिन्दाहरुलाई पहिलो प्राथमिकता दिने र बढी भएको श्रोतबाट अन्य वडामा खानेपानी आयोजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

यस गाउँपालिका क्षेत्रभित्र वातावरणमैत्री, बालमैत्री स्थानीय शासनपद्धती अवलम्वन गर्ने र नयाँ रणनीति र कार्यान्वयन कार्यविधि तर्जुमा गरी लागु नभएसम्म बालमैत्री स्थानीय शासन सम्वन्धी राष्ट्रिय रणनीति, २०६८ र कार्यान्वयन कार्यविधि, २०६८ मा उल्लेखित सूचकहरुलाई यस भगवतीमाई गाउँपालिकाको सूचक मानी स्थानीयकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

यस गाउँपालिका क्षेत्रभित्र एक वटा मात्र अस्थायी प्रहरी चौकी रहेको र गाउँपालिका नजिक इलाका प्रहरी कार्यालय समेत नरहेको हुँदा यस गाउँपालिकाको वेस्तडामा इलाका प्रहरी कार्यालय स्थापनाको लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस गाउँपालिकाका निम्न आयोजनाहरु गाउँपालिकाको लागत सहभागिता र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट संचालन गर्नको लागि प्रदेश सरकार, कर्णाली प्रदेशसँग समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान |
|---|---|---|
| १. | ४ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ४ |
| २. | २ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. २ |
| ३. | ५ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ३ |

**निर्णय नं. १८ :**

यस गाउँपालिकाका तपसिलका स्थानमा पक्की पुल निर्माणको लागि संघीय सरकारसँग पहल गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान |
|---|---|---|
| १. | वेस्तडा वडा नं. १ देखी ५ जोड्ने पक्की पुल | वडा नं. १ र ५ |
| २. | तिदुघाट चिपिन जोड्ने पक्कीपुल | वडा नं. १ र ६ |
| ३. | वाल्तडा सान्तडा जोड्ने पक्की पुल | वडा नं. ३ र ४ |
| ४. | हुलाक टाकुरा पक्की पुल | वडा नं. १ र ७ |

**निर्णय नं. १९ :**

यस गाउँपालिका क्षेत्रभित्र खेलकुदका कार्यक्रम संचालन गर्न खेल मैदान अति आवश्यक भएकोले खेलमैदान निर्माणका लागि प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस गाउँपालिका क्षेत्रभित्र ४ वटा टावर (नेपाल टेलिकम २ र एनसेल २) रहेको र शान्ति सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गरी सशस्त्र बेश क्याम्प राख्नुपर्ने भएकोले जिल्ला प्रशासन कार्यालय मार्फत सशस्त्र वेश क्याम्प स्थापनाको लागि नेपाल सरकार, गृहमन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :**

यस गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरु शिखरद्धारी मन्दिर, भगवतीमाई मन्दिर, नयाँ मालिका मन्दिर, जगनाथ हिल्समा भौतिक पूर्वाधार निर्माणको लागि प्रदेश सरकार तथा नेपाल सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

यस गाउँपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने भौतिक पूर्वाधारका आयोजनाहरुमा व्यवस्थापन खर्च वापत उक्त आयोजनाको लागि लागत रकमको १ देखी १.५ प्रतिशतसम्म छुट्याउन सकिने र उपभोक्ता समितिले सम्वन्धित योजना संचालन गर्नुपूर्व नै आयोजनाको सूचना पार्टी राख्नुपर्ने र आयोजना निर्माणको क्रममा मालसामानहरु खरिद गर्दा प्रचलित खरिद ऐन, नियमको पूर्णपालना गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

यस गाउँपालिकाको समग्र विकासको लागि एकीकृत गाउँपालिका विकास योजना, आवधिक योजना, राजश्व सुधार योजना, क्षमता विकास योजना, गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य र विभिन्न विषयगत तालिमको लागि सरकारी तथा गैरसरकारी संघसंस्था र साझेदार निकायसँग सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

यस भगवतीमाई गाउँपालिकालाई अर्गानिक गाउँपालिका बनाउन कर्णाली प्रदेश, भूमी व्यवस्था, कृषि तथा सहकरी मन्त्रालयले कार्यक्रम लागु गरेको र प्राविधिक जनशक्ति नभएको हुँदा एक वडा एक प्राविधिकको व्यवस्थाको लागि कर्णाली प्रदेश, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :**

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार एक विद्यालय एक खेलकूद शिक्षकको अवधारणा वमोजिम यस गाउँपालिका अन्तगर्त रहेका प्रत्येक माध्यामिक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्थाको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :**

नेपाल सरकार (मन्त्रिपरिषद)बाट स्वीकृत स्थानीय तहको संगठन, संरचना र दरवन्दी तथा यस गाउँपालिकाको आवश्यकता अनुसार तपसिल वमोजिम संगठन संरचना र कर्मचारी दरवन्दी कायम गर्ने निर्णय गरियो ।

**गाउँ कार्यपालिकाको कार्यालय तर्फ स्वीकृत दरवन्दी**

| क.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र | | १ |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्रा. | | २ |
| ६ | आन्तरिक लेखा परीक्षक | ५ औं | प्रशासन | लेखा | | १ |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्रा. | | ४ |
| ८ | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ |
| १२ | सव इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ |
| १३ | अ.सव. इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | स.महिला विकास निरीक्षक | चौथो | विविध | | | १ |
| १५ | खा.पा.स.टे. | चाथो/ पाँचौ | इन्जि. | सिभिल | | १ |
| १६ | हलुका सवारी चालक | श्रेणीविहिन | करार | | | २ |
| १७ | हेभि सवारी चालक | श्रेणीविहिन | करार | | | १ |
| १८ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | | ६ |
| १९ | नगर प्रहरी | | | | | ५ |
| | प्रहरी सहायक निरीक्षक | | करार | | | १ |
| | हवल्दार | | करार | | | १ |
| | जवान | | करार | | | ३ |
| | **वडा कार्यालय तर्फ** | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्रा. | | ३ |
| २ | सव इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्रा. | | ४ |
| ४ | अ.सव ईन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सा.प्र. | | १ |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | | ६ |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | |
| | कुल जम्मा | | | | | ३३ |
| | **पशुसेवा केन्द्र** | | | | | |
| १ | अधिकृत | ७/८ औं | कृषि | भेट | | १ |
| २ | सहायक | ५ औं | कृषि | भेट | | १ |
| ३ | सहायक | ५ औं | कृषि | | | १ |
| ४ | सहायक | चौथो | कृषि | भेट | | १ |
| ५ | सहायक | चौथो | कृषि | | | १ |
| ६ | एक गाउँ एक प्राविधिक | चौथो | करार | | | ३ |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सा.प्र. | | १ |
| | पशु सेवा केन्द्र तर्फ जम्मा | | | | | |
| | | | | | | |
| १ | अधिकृत | ७/८ औं | कृषि | | | १ |
| २ | सहायक | ५ औं | कृषि | | | १ |
| ३ | सहायक | ५ औं | कृषि | | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सहायक | चौथो | कृषि | | | १ |
| ५ | एक गाउँ एक प्राविधिक | चौथो | करार | | | ३ |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सा.प्र. | | १ |
| | कृषि सेवा केन्द्र तर्फ जम्मा | | | | | |
| गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय, सेवाकेन्द्रहरु यथावत रहने छन् । | | | | | | |

**निर्णय नं. २७ :**

यस गाउँपालिका अन्तर्गत उपभोक्ता समिति वा लाभग्राहीद्धारा संचालन हुने गाउँपालिकाका आयोजना तथा कार्यक्रममा उपभोक्ता समितिको जनसहभागिता कम्तिमा १० प्रतिशत गर्नुपर्ने र योजना तथा कार्यक्रममा पेश्की शुन्य अवधारण नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८ :**

भगवतीमाई गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०७६।०७७ मा कार्यक्रम संचालन गर्न कार्यक्रम पेश गरेका निम्न सरकारी तथा गैरसरकारी संस्थाहरुको कार्यक्रम अनुमोदन गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | कार्यक्रमको नाम | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| | पहाडी साना किसानको लागि अनूकुलन आयोजना(AASHA) | पहाडी साना किसानको लागि अनूकुलन आयोजना (AASHA) | १८१००००० | |
| १. | एकता फाउण्डेशन, नेपाल | नेपाल जिविकोपार्जन तथा उत्थानसिल परियोजना | १२३४९७५। | |
| २. | USAID | स्वास्थ्यको लागि सक्षम प्रणाली | ८०००००। | |
| ३. | USAID, एभरेष्ट क्वल, दैलेख | सुआहारा, दोस्रो कार्यक्रम | १७६४६३५। | |
| ४. | एकीकृत विकास समाज, नेपाल | विद्यालय सरसफाई कार्यक्रम | ७६६००। | |
| ७. | समुदायमा आधारित संस्था महासंघ (CBOF) | | ४२९८५००। | |
| ८. | सेवक, दैलेख | | | |

**निर्णय नं. २९ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत तपसिलका स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्थाको लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | ठेगाना | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १. | १५ शैयाको अस्पताल पूर्वाधार निर्माण | वडा नं. ३, मेहेलतोली, सान्तडा । | ३ करोड ९६ लाख ६३ हजार | |
| २. | चिपिन सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | वडा नं. ६, चिपिन | १ करोड | |

**निर्णय नं. ३० :**

नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम भगवतीमाई गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको भगवतीमाई गाउँपालिकाको आर्थिक ऐन, २०७६ ले दिएको अधिकार अन्तर्गत आ.व. २०७६।०७७ को लागि अनूसूची १ देखी ८ सम्म उल्लेखित कर, सेवा, शुल्क र दस्तुरको दर पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ :**

आ.व. २०७६।०७७ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) बढीमा ४ प्रतिशत खर्च गर्न र सोको कार्ययोजना बनाई खर्च गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ :**

यस गाउँपालिकामा दरवन्दी वमोजिम आवश्यक कर्मचारी नभएको हुँदा हाल यस कार्यालयमा कार्यरत अस्थायी, करार र सेवा करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था भएमा सोही वमोजिम हुने गरी आवश्यकताको आधारमा अस्थायी, करार अवधी निरन्तरता तथा म्याद थप र पदपूर्ति गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ :**

गाउँ कार्यपालिकाबाट हालसम्म भए गरेका काम कारवाही र निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४ :**

यस गाउँपालिका अन्तर्गत कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) अन्तर्गत संचालन हुने कार्यक्रम गाउँपालिकाको समन्वय र आवश्यकता अनुसार सहलगानीमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५ :**

यस गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा कार्य बोझ बढी भएकोले अतिरिक्त समय र सार्वजनिक विदाको दिनमा समेत कामकाज गर्नुपर्ने भएको हुँदा अतिरिक्त समयमा खटि कामकाज गरेमा प्रतिदिन रु. २०० र सार्वजनिक विदाको दिनमा खटि कामकाज गरेमा प्रतिदिन रु.५००  खाना खाजा वापत सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३६ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकारको प्रचलित स्केल वमोजिम तलव भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३७ :**

यस गाउँपालिकाको गाउँसभा बैठक, गाउँ कार्यपालिका बैठक, विषयगत समिति, वडा समिति बैठकका सहभागीहरुलाई बैठक भत्ता रु. १००० का दरले र अन्य सहभागीहरुको बैठक भत्ता नेपाल सरकारको प्रचलित मापदण्ड वमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३८ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयमा करार सेवामा कार्यरत प्राविधिक ( ईन्जिनियर, सव ईन्जिनियर र अ.सव ईन्जिनियर) कर्मचारी र अस्थायी पदमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारको सम्वन्धित पदको सुरु तलव स्केल बराबर मासिक पारिश्रमिक, स्थानीय भत्ता, एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च, पोशाक भत्ता रु.१०००० र कार्यविधिमा तोके वमोजिम फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३९ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरु अनमी/अहेव – रु.१८०००।, हलुका सवारी चालक – रु.२१०००।, गाउँपालिकाको कार्यालय/वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी – रु.१७०००। र स्वास्थ्य संस्थामा कार्यरत  कार्यालय सहयोगी – रु.१५०००। मासिक पारिश्रमिक, एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च र पोशाक भत्ता रु.१००००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४० :**

यस गाउँपालिकाको आ.व. २०७६।०७७ को लागि पारित वार्षिक नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१ :**

नेपाल सरकारको नीति तथा कार्यक्रममा खरको छाना भएका घरहरुलाई खरको छानामुक्त घर बनाउने नीति अनुसार यस गाउँपालिका भित्र रहेका खरका छाना भएका घरहरुलाई खरको छानामुक्त बनाउन नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२ :**

आ.व. २०७५।०७६ मा विविध कारणले कार्य सम्पन्न हुन नसकेका तपसिलका आयोजनाहरुलाई आ.व. २०७६।०७७ लागि क्रमागत गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | योजनाको नाम | स्थान |
|---|---|---|
| १ | वावितडा हे.पो. हुँदै वडा कार्यालय देखी विन्धयावासिनी मन्दिर सडक निर्माण तथा स्तरोन्नती | वडा नं. १ |
| २ | नया मालिका मन्दिर निर्माण | वडा नं. १ र २ |
| ३ | सरस्वती मा.वि. गन्म ३ कोठे भवन निर्माण | वडा नं. १ |
| ४ | महादेव मा.वि. ३ कोठे भवन निर्माण | वडा नं. ३ |
| ५ | जगनाथ स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ४ |
| ६ | वडा नं. २, ३ र ४ को वडा केन्द्रसम्म विद्युत लाईन विस्तार | वडा नं. २, ३ र ४ |
| ७ | भगवती मा.वि. थुवा भवन निर्माण | वडा नं. ५ |
| ८ | ध्याप घुम्ने हुँदै वडा कार्यालय सडक निर्माण | वडा नं. ४ |
| ९ | ने.रा.आ.वि. तप्लुङ्ग ३ कोठे भवन निर्माण | वडा नं. ७ |
| १० | १५ शैयाको अस्पताल निर्माण | वडा नं. ३ |
| ११ | सरस्वती ४ कोठे अधुरो भवन निर्माण | वडा नं. १ |

**निर्णय नं. ४३ :**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून रहेकोले हाल पाईरहेको पारिश्रमिकमा रु. १००० थप गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४४ :**

नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयानुसार नेपाल राजपत्रमा मिति २०७३।११।२७ गते प्रकाशित सूचना वमोजिम यस भगवतीमाई गाउँपालिकाको केन्द्र साविक पगनाथ गाउँ विकास समितिको कार्यालय तोकिएकोमा राजनीतिक सहमतिका आधारमा सबैलाई पायक पर्ने गरी वडा नं. १ वेस्तडामा मिति २०७३।११।३० गते गाउँ कार्यपालिकाको कार्यालय स्थापना गरी संचालनमा रहेको र हाल गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि वडा नं. २, वेस्तडामा आवश्यक जग्गा उपलब्ध भएको, वेस्तडाबजार यस गाउँपालिकाको मुख्य व्यापारिक केन्द्र हुनुको साथै मध्यपहाडी ( पुष्पलाल) लोकमार्गसँग जोडिएको हुँदा यस भगवतीमाई गाउँपालिकाको केन्द्र साविक पगनाथ गाउँ विकास समितिको कार्यालय, पगनाथ परिवर्तन गरी भगवतीमाई गाउँपालिका वडा नं. २, वेस्तडा कायम गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्दै  केन्द्र परिवर्तनको लागि कर्णाली प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५ :**

यस भगवतीमाई गाउँपालिकाको पाँचौ गाउँसभा मिति २०७६।०३।१० गते सुभारम्भ भई २०७६।०३।१८ गते सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय, सल्लाह, सुझाव र सक्रिय सहयोग प्रदान गर्नु हुने राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न विषयगत समितिका पदाधिकारीहरु, विषयगत कार्यालय/शाखा प्रमुखहरु, संचारकर्मी, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक धन्यवाद दिने निर्णय गरियो ।